# स्थानीय सरकार,शैलुङ गाउँपालिकाको कार्यपालिकाको निर्णय सार्वजनिक प्रयोजन

## २०८१ साल चैत्र २५ गतेको गाउँ कार्यपालिका निर्णयहरू

१. शैलुङ गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरुमा भइरहेको सेवा प्रवाह,वडामा भइरहेका गतिविधिहरु, आगामी आ.व. २०८१/०८२ को बार्षिक कार्ययोजना कार्यान्वयन र गाउँ कार्यपालिकाबाट निर्णय भएका निर्णयहरु कार्यान्वयनको अवस्था सम्बन्धी छलफल गर्दै आइपरेका समस्याहरुको समस्या समाधान गर्दै सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने

२. यस शैलुङ गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ मा कार्यान्वयन हुनेगरी सम्झौता भई कार्य सम्पन्न भएका देहायका आयोजनाहरुको फरफारक प्रयोजनको लागि भएका जाँचपास तथा फरफारक समितिको बैठकका २०८१ चैत्र ०३ र १० गतेका निर्णयहरु अनुमोदन गर्ने

तपसिल

| क्र सं | आयोजनाको नाम र ठेगाना | प्राविधिक लागत अनुमान रकम रु | प्राविधिक मूल्याङ्कन रकम रु | गाउँपालिकाबाट भुक्तानी हुने रकम रु | मुख्य मुख्य कामको विवरण |
|---|---|---|---|---|---|
| १. | ढुङ्गे छाङखोला सडक स्तरोन्नति शैलुङ १ | ४,३८,३७६।०० | ४,५४,४५६।०० | ३,८३,५००।०० | सडक सोलिङ १४१ मीटर अर्थात ११२ घमी भएको। |
| २. | मेहेले दिप्चेन फलाटे सडक शैलुङ १ | ४,३३,२४४।९५ | ४,३५,६६६।०० | ३,८४,०००।०० | विभिन्न प्रकारको माटो र मध्यम चट्टान २५१२ घमी काटि सडक चौडा गर्ने पहिरो पन्छाउने तथा ग्रेड मिलाउने कार्य भएको र सडक सोलिङ १५ घमी अर्थात २६ मीटर भएको। |
| ३ | दुर्गा मावि भौतिक व्यवस्थापन शैलुङ ४ | ४,४६,१००।२१ | ४,४७,७००।०० | ३,९९,९९१।०० | फ्लोरिङ कार्पेट २३० मीटर ब्ल्यक फम ३५० मीटर पीभीसी कार्पेट १६० मीटर बिछ्याउने र १२ एम एम प्लाइको सु र्याक २५ वटा निर्माण भएको। |
| ४ | घाट निर्माण पोर्सोर्व शैलुङ २ | २,१७,१८७।४२ | २,२२,३९६।७६ | १,९२,०००।०० | पीसीसी ढलानमा फलामे पाइप जडान गरी जस्तापाताको छाना लगाएर घाट निर्माण भएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | सयपाटी ढाड सडक नयाँ ट्र्याक शैलुङ ४ | २,१३,७६३।६१ | २,१४,८८५।४६ | १,९२,०००।०० | विभिन्न प्रकारको माटो १९३२ घमी मध्यम चट्टान ७२ घमी र कडा चट्टान ८ घमी काटी सडक निर्माण भएको। |
| ६ | सडक सरसफाई तथा मर्मत शैलुङ ७ | ४,८०,४१६।३३ | ४,७५,१७४।८१ | ४,२७,२८६।०० | सडकको पहिरो पन्छाउने कार्य ११४४ घमी ग्राभेल बिछ्याउने १८१ घमी र सडक सोलिङ ३३ घमी भएको। |
| ७ | सडक मर्मत तथा सरसफाई शैलुङ ६ | ५,३७,६२१।७९ | ५,१६,६९९।२७ | ४,६१,३१९।०० | सडकको पहिरो पन्छाउने खाल्डाखुल्डी पुर्ने नाला काट्ने तथा ह्युमपाइपको मुख खोल्ने समेतको कार्य २४४५ घमी ग्राभेल ढुवानी गरी बिछ्याउने कार्य २४१ घमी भएको। |
| ८ | ताम्चेत सिलमचौर सडक स्तरोन्नति शैलुङ १ | ४,३९,९८४।०० | ४,४०,७०७।६० | ३,८४,०००।०० | सडक सोलिङ १०९ घमी अर्थात १८२ मीटर भएको। |
| ९ | पाटा लामाटोल खानेपानी व्यवस्थापन शैलुङ २ | ३,२४,४९४।६७ | ३,२५,९०२।२७ | २,८८,०००।०० | इन्टेक निर्माण ट्याङ्की निर्माण ३०० मीटर २० एमएमको पाइप खरिद गरी पाइपलाइन खन्ने र पाइप विछयाइ पुर्ने कार्य तथा फिटिङको कार्य भएको। |
| १० | सर्पखोला लाम्चेआहाल सिंढी निर्माण शैलुङ ३ | ५,३८,४६१।८२ | ५,४१,५६२।०१ | ४,८०,०००।०० | सोलिङ गरी ढुङ्गाको सिंढी लगाउने वाल लगाउने तथा पी सी सी गर्ने समेतको कार्य भएको। |
| ११ | मालिघ्याङ सिंचाई मर्मत सम्भार शैलुङ २ | ३,२३,९००।०६ | ३,३०,९९१।७७ | २,८८,०००।०० | पीसी सी ढलान तथा प्लाष्टर गरी ४१ मीटर सिंचाई मर्मत भएको। |
| १२ | विरेन्द्र मावि भौतिक व्यवस्थापन शैलुङ-५ | २,१६,८७७।८२ | २,२१,६१४।८४ | १,९१,०००।०० | इटाको वाल लगाई कक्षाकोठा पार्टेसन जस्तापाताको छाना लगाउने कार्य र बाल उद्यान पिसिसि गरिएको। |

३. यस शैलुङ गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ मा कार्यान्वयन हुनेगरी सम्झौता भई कार्य सञ्चालन भएका देहायका आयोजनाहरुको गाउँपालिका स्तरीय अनुगमन समितिबाट अनुगमन भै तयार भएको अनुगमन समितिको देहाय बमोजिमको प्रतिवेदन अनुमोदन गर्ने

**गाउँपालिका स्तरीय अनुगमन समितिको प्रतिवेदन**

०५ चैत्र, २०८१

यस शैलुङ गाउँपालिकाको आ ब २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सम्झौता भै कार्यान्वयन भएका आयोजनाहरुको गाउँपालिका उपाध्यक्ष श्री पार्वती कार्की संयोजक रहनु भएको गाउँपालिका स्तरीय सुपरीवेक्षण तथा अनुगमन समितिले विभिन्न मितिमा स्थलगत अनुगमन गरी सो का आधारमा यो प्रतिवेदन तयार गरिएको छ ।

**अनुगमन गरिएका आयोजनाहरुः**

**१)** मिति २०८१ साल फागुन २८ गतेका दिन शैलुङ गाउँपालिकाको वडा नं ३ मा कार्यान्वयन भै रहेका र कार्य सम्पन्न भएका विभिन्न योजनाहरुको अनुगमन गरियो । जस अन्तरगत वालासार्पा ढुङ्गे कालिभुमे सिंढी निर्माणमा सिढी बनाउदा टपमा राखिएका दायाँबायाँ साईडका ढुङ्गाहरु हल्लिएको पाइएकोले मानिसहरु आवतजावत गर्दा उक्त हल्लिएका ढुङ्गाहरु खतरा हुने भएकोले सिढीको माथिल्लो सतहमा ठुला ढुङ्गाहरु राखी सुधार गर्न सल्लाह दिइयो । साथै हल्लिएका अन्य ढुङ्गाहरु पनि मिलाएर मजबुत गरी साईड क्लियर गर्ने र होडिङ बोर्ड राखी सोको फोटो सहित पेश गर्न सुझाव दिईयो । त्यसैगरी ढुङ्गे च्यानघर निर्माणको कार्य सकिएको तर प्लाष्टरमा क्युरिङ कम भएकोले क्युरिङ गर्न सुझाव दिइयो । निर्माण व्यवसायीद्वार गरिएको लामाघ्याङ गोचेत हिले सडकको सोलिङको शुरु विन्दुमा नै सोलिङ गरेको ठाउँमा स साना ढुङ्गाहरु त्यत्तिकै छरेर राखेको अवस्थामा देखिएकोले उक्त छरिएका ढुङ्गा मिलाउनु पर्ने र सोलिङको लागि जग खनिएको ठाउँमा सोलिङ थप्न निर्माण व्यवसायीलाई सुझाव दिइयो । नागी सामुदायिक भवनको कम्पाउण्ड निर्माण कार्य सम्पन्न भएको । सडक सरसफाईको पिहरो पन्छाउने सतह मिलाउने कार्य सम्पन्न भएको भएपनि बाघखोर पछाडि गरिएको सोलिङ थप सुधार गर्नुपर्ने देखिएकोले सो सो सोलिङ सुधार गर्न सुझाव दिइयो । बाघखोर कोभिड अस्पताल सडक ढलानको कार्य भैरहेको र निर्माण व्यवसायीलाई इष्टिमेट बमोजिम गुणस्तर कायम गरी कार्य सम्पन्न गर्न सुझाव दिइयो ।

वडा नं ४ स्थित दुर्गा मा.वि. होस्टेल घेराबारको कार्य भै रहेकोले समयमा नै गुणस्तरीय कार्य सम्पन्न गर्न सुझाव दिइयो । कुवा हिले विर्ता भकारे सडक सोलिङको कार्यमा गुणस्तर कायम हुन नआएकोले सोलिङलाई गुणस्तर कायम गरी सुधार गर्न र नाला व्यवस्थापनलाई समेत ध्यान दिन सुझाव दिइयो । हिले शिव मन्दिर रंगरोगन शैलुङ ४ को कार्य सम्पन्न भएको । आहाले पिपलडाँडा सडक शैलुङ ४ को ढलानको लागि सोलिङ भएको र समयमा नै ढलान कार्य गरी पेश गर्न निर्माण व्यवसायीलाई सुझाव दिइएको । मागापौवा मावि घेरबार शैलुङ ४ को कार्य सम्पन्न भएको तर घेराबार गर्दा जमिन सतह नमिलेका कारण खाली देखिएको भागमा ढुङ्गाको वाल लगाएर व्यवस्थापन गरी पेश गर्न सुझाव दिइएको । जोगीडाँडा सेरा सडक शैलुङ ४ को कार्य सम्पन्न भएको । प्रदेश सरकारबाट कार्यान्वयन भएको आहाले सडकको कार्य भै रहेको । भुगङ ढोका बिमिरे सेराढाप कृषि सडक शैलुङ ४ को ट्रयाक खोल्ने कार्य सम्पन्न भएको तर केही ठाउँमा कुलोको पानी सडकबाट नै बगेका कारण सडक क्षति पुग्न गएकोले सो सुधार गर्न सुझाव दिइएको । साथै पाईप राख्ने कार्य समेत सम्पन्न गरी पेश गर्न उपभोक्ता समितिलाई सुझाव दिईएको ।

२) मिति २०८१ साल चैत्र ०४ गते वडा नं ८ कालापानीमा निर्माण भएको अस्थायी प्रहरी बिटको कार्य अन्तिम चरणमा पुगेकोले प्राविधिक लागत अनुमान बमोजिमको कार्य सम्पन्न गरी पेश गर्न उपभोक्ता समितिलाई सुझाव दिईएको । कालापानी एकीकृत

पर्यटन पूर्वाधार निर्माणको कार्य भै रहेकाले निर्माण व्यवसायीलाई समयमै गुणस्तरीय कार्य सम्पन्न गर्न सुझाव दिइएको। ठुलोसिम सिमाने सडक नयाँ ट्र्याकको निर्माण कार्य भएको तर तोकिएको स्थान सम्म सडक लैजानको लागि जग्गा विवादका कारण समस्या भएको भन्ने उपभोक्ता समितिबाट जानकारी प्राप्त भएकोले विवाद समाधान गरी तोकीएको कार्य गर्न भनिएको र सो अनुसार नभएमा हालको कामको मूल्याङ्कन गरी पेश गर्न सुझाव दिइएको। शैलुङ्गेश्वर आवि भौतिक व्यवस्थापन अन्तरगत कम्पाउण्ड निर्माणका कार्य भै रहेकोले समयमा नै कार्य सम्पन्न गरी पेश गर्न सुझाइएको। माथिल्लो खोरण्डे सडक शैलुङ ८ को सडक शुरु विन्दुमा सोलिङ गर्न यस अघि दिइएको सुझाव अनुरुप सोलिङ कार्य भएको पाईयो। क्रिश्चियन मण्डली पार्क शैलुङ ८ को कम्पाउण्ड निर्माण कार्य प्राविधिक अनुमान अनुसार कार्य सम्पन्न गरी पेश गर्न सुझाव दिइएको। वडा नं ८ भैंसेमा निर्माण भएको साझा सुबिधाकेन्द्र कोसेलीघर भौतिक व्यवस्थापनको तोकिए बमोजिमको कार्य सम्पन्न भएको। शैलुङ्गेश्वर स्वास्थ्य चौकी सबलिकरण शैलुङ ८ को निर्माण कार्य प्रारम्भ भएको। चिलाउनेखर्क ढुङ्गेधारा निर्माणको कार्य अन्तिम चरणमा पुगेकोले समयमा नै बाँकी कार्य सम्पन्न गरी पेश गर्न सुझाव दिइएको। झाक्रेखोला सिंचाई शैलुङ ८ को कार्य सम्पन्न भएको। तर पाइपको मुखमा जाली राखी व्यवस्थित गर्न सुझाव दिइएको। पाडेखानी विकटोल सडकको नयाँ ट्र्याक निर्माण कार्य सम्पन्न भएको नाला थप व्यवस्थापन गरी पेश गर्न उपभोक्ता समितिलाई सुझाव दिइएको।

**निष्कर्ष:**

गाउँपालिका स्तरीय अनुगमन समितिले यस अवधिमा अनुगमन गरेका आयोजनाको अवस्था समग्रमा विश्लेषण गर्दा सन्तोषजनक देखिएको छ। सडक सोलिङको कार्य तुलनात्मक रुपमा केही आयोजना बाहेक राम्रो देखिएको तर साइड क्लियर गर्ने र नाला व्यवस्थापनको काममा अझेपनि अपेक्षित ध्यान पुग्न नसकेको देखिएकोले यस तर्फ ध्यान दिन प्राविधिक रुपमा समेत सुझाव दिइएको छ भने सोलिङ गर्दा स-साना ढुङ्गाहरु साइडमा त्यत्तिकै छोड्ने गरेको देखिएकोले ती ससाना ढुङ्गा चुकुल ठोक्ने कार्यमा प्रयोग गर्न तर्फ ध्यान दिन सुझाव दिइएको छ। त्यस्तै सडकको नयाँ ट्र्याक खन्दा स्थानीय समुदायको सहमति नभएर वा अन्य कुनै कारणले सडको ग्रेड नमिल्ने समस्या व्यापक रुपमा देखिएकोले लाभग्राही स्थानीय समुदाय सँग जनप्रतिनिधिज्यूहरु र सरोकारवालाले नयाँ ट्र्याक खोल्दा अपसी सहमति गरेर मात्र काम अघि बढाउन उपयुक्त हुने देखिएको छ। समग्रमा यस अवधिको अनुगमनबाट सन्तुष्ट हुने अवस्था भने देखिएको छ।

प्रतिवेदक

सदस्य सचिव

४. शैलुङ गाउँपालिकाको शैलुङ अस्पताल संचालन कार्यविधि, २०८१ स्वीकृत गर्ने
५. शैलुङ गाउँपालिकाको संघ संस्था दर्ता सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गर्ने
६. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, हेटौंडा, नेपालको मिति २०८१/१२/१० गते प्रकाशित सूचना अनुसार यस गाउँपालिकाको तर्फबाट नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ को दफा २२ अनुसार लागत साझेदारी गरी तपसिल बमोजिमको योजना छनौट गरी अवधारणा पत्र पेश गर्ने

तपसिल

| सि.नं. | योजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | फोहोर मैला व्यवस्थापनको लागि प्लाण्ट निर्माण | शैलुङ-३,४ | |

७. शैलुङ गाउँपालिकाको आवधिक योजना निर्माण गर्ने जिम्मेवारी लिई गाउँपालिका सँग सम्झौता गरेको परामर्शदाता platform engineering construction and consultancy Pvt. Ltd. ले पेश गरेको अन्तिम मस्यौदा प्रतिवेदन माथि छलफल गरी संशोधन गर्नु पर्ने विषयहरु सम्बन्धित वडा तथा सरोकारवालाहरुको छलफलमा प्राप्त पृष्ठपोषण समेत समेटी अन्तिम प्रतिवेदन पेश गर्ने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

८. क) जिल्ला खेलकुद विकास कार्यालय चरिकोट, दोलखाको आयोजना तथा जिरी नगरपालिका, जिरीको सहआयोजनामा मिति २०८१/११/१४ गते देखि २०८१/११/१७ गते सम्म भएको ११ औं जिल्ला स्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगितामा गाउँपालिकाले सहभागिता जनाउँदा भएको खर्च र अन्य खेलकुद सम्बन्धी तपसिल बमोजिमको खर्च अनुमोदन गरी भुक्तानिको लागि कार्यालयलाई निर्देशन दिने

तपसिल

| जिल्ला स्तरीय ११ औं राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता २०८१ खर्च विवरण | | | |
|---|---|---|---|
| क्र.सं. | पसलको नाम | जम्मा | कैफियत |
| १ | ट्र्याकसेट , जर्सी मोजा निक्याप( खेलाडी र प्रशिक्षक) | १,२१,०००.०० | |
| २ | गाडी भाडा | ५६,०००.०० | |
| ३ | मेडीकल , खेल सामाग्री | ७,९००.०० | |
| ४ | पुरस्कार (अघिल्लो वर्षको छुट पुरस्कार) | १२,०००.०० | |
| ५ | क्याम्पिङ | ९७,५००.०० | |
| ६ | खाना बस्न आवास ( सहभागिता खर्च) | २,०४,०००.०० | |
| | जम्मा | ४,९८,४००.०० | |

ख) गाउँपालिकामा रहेका तपसिल बमोजिमका सवारीसाधनहरु लागत अनुमान अनुसार मर्मत गरी खर्च उपशीर्षक नं. २२२१३, सवारी साधन मर्मत खर्च शिर्षकमा विनियोजित रकमबाट भुक्तानी दिने

तपसिल

| सि.नं. | सवारीसाधन नं. | सवारी प्रकार | सवारीचालकको नाम | अनुमानित लागत रू | कैफियत |
|---|---|---|---|---|---|
| १ | बागमति प्रदेश ०२-००१ ब ३६२४ | मोटरसाइकल | ठमिर प्रसाद घिमिरे | ४,५००/- | |
| २ | बागमति प्रदेश ०२-००१ ब ४६०८ | मोटरसाइकल | अर्जुन कुमाल श्रेष्ठ | १७,४१५/- | |
| ३ | बागमति प्रदेश ०२-००१ ब ३१६० | मोटरसाइकल | कमल थापा मगर | २४, १९०/- | |
| ४ | बा २ ब ९४६५ | मोटरसाइकल | विक्रम खुलाल | ७,३००/- | |
| ५ | बा २ ब ७१९५ | मोटरसाइकल | अनिष योञ्जन | १८,०००/- | |
| ६ | बा २ ब ९४५९ | मोटरसाइकल | आनन्द प्रसाद सुवेदी | ७,०००/- | |

ग) रोजगार सेवा केन्द्र अन्तर्गत संचालित तपसिल बामोजिमका योजनाहरुमा गाउँपालिकाको खर्च उपशिर्षक नं.३११५९, पूर्वाधार साझेदारी/अन्य विकास साझेदारी शिर्षकमा विनियोजित रकमबाट देहायबमोजिम हुने गरी आ.व. २०८१/०८२ को बजेट तथा कार्यान्वयन सम्बन्धी मार्गदर्शन, २०८१ मा भएको व्यवस्था अनुसार साझेदारी गरी कार्यान्वयन गर्ने

तपसिल

| सि.नं. | योजनाको नाम | ठेगाना | साझेदारी गर्ने रकम रू | कैफियत |
|---|---|---|---|---|
| १ | कल्लाबारी मा.वि. देखि मुलधारा सिढि निर्माण | शैलुङ-१ | १,००,०००/- | |
| २ | पसलटोल मानेदोभान पदमार्ग मर्मत सम्भार निर्माण | शैलुङ-२ | ५०,०००/- | |

घ) नमूना प्रा.वि., शैलुङ-४ को कक्षा वर्गिकरणको लागि योजना सम्झौताको म्याद समाप्त भएपछि निवेदन प्राप्त भएको हुँदा उक्त विद्यालयमा कक्षा वर्गिकरण गर्न अत्यावश्यक भएकोले सो योजनाको सम्झौता गरी कार्य अगाडि बढाउने

ङ) सोर्हौ गाउँसभाबाट विनिनयोजित विरेन्द्र मा.वि. भौतिक व्यवस्थापन,शैलुङ-५ योजनाको कार्यान्वयन गर्दा केहि अत्यावश्यक कार्य गर्न बजेट कम भए पश्चात सत्रौ गाउँसभाबाट सोहि शिर्षकमा बजेट थप गरिएको हुँदा थप भएको बजेटबाट प्राविधिक लागत अनुमान अनुसारको थप कार्य अगाडि बढाउने

च) साईकलिङ गर्नको लागि  माउण्टेन बाईक पदमार्ग निर्माण गर्न खर्च उपशिर्षक नं. २२५२२, शैलुङ गाउँपालिका पर्यटन गुरुयोजना शिर्षकमा विनियोजित शिर्षकबाट रू ९०,०००/-(नब्बे हजार मात्र) विल भरपाई अनुसार भुक्तानि दिने

छ) शैलुङ गाउँपालिकाको करार शिक्षक तथा कर्मचारी छनौट सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गरियो।

ज) शैलुङ अस्पतालमा कार्यरत मेडिकल अधिकृतले प्रत्यक महिनाको एकपटक वडा स्थित स्वास्थ्य संस्थाबाट सेवा प्रदान गर्ने र शैलुङ अस्पतालबाट २४ घण्टे सेवा प्रदान गर्ने गरी सुरुको तलव स्केलको ९५% सेवा सुविधा थप गर्ने

झ) आ.व. २०७९/०८० मा बोलपत्र आह्वान गरी ठेक्का प्रक्रियाबाट कार्यान्वयन भएको  बाघेवडार पाखाटोल खानेपानी आयोजना(ठेक्का नं.**SRM/NCB/W/07-2079/080**)को लागत अनुमानमा १८८ घर धुरीमा एक घर एक धारा निर्माण गर्नु पर्ने गरी निर्माण व्यवसायी श्री वर्षा निर्माण सेवा प्रा.लि., सुर्यविनायक, भक्तपुर सँग सम्झौता  गरिएकोमा ५३ घरमा अन्य निकायबाट एक घर एक धारा निर्माण कार्य सम्पन्न भएको हुँदा गाउँपालिकाले १३५ घरधुरीमा मात्र गाउँपालिकाको योजनाबाट कार्यसम्पन्न गर्नु पर्ने हुँदा सोबाट घट्ने लागतलाई भेरिएसन आदेश र प्राविधिक विल अनुसार योजना फरफारक गर्ने

ञ) वडा नं. ८, भैंसेमा कोसेली घर भौतिक व्यवस्थापन आयोजना कार्यान्वयन गर्न गाउँसभाको १७ औं बैठकले रू १,५०,०००/-(रू एक लाख पचास हजार मात्र) बजेट स्वीकृत गरेको सन्दर्भमा १६ औं गाउँसभाले स्वीकृत गरेको साझा सुविधा केन्द्र कोसेली घर भौतिक व्यवस्थापन कार्यलाई थप पुर्णता दिनको लागी कोसेली घर भौतिक व्यवस्थापन आयोजना स्वीकृत गरिएकोले साझा सुविधा केन्द्र कोसेली घर भौतिक व्यवस्थापन कार्यान्वयनको लागि गठन भएको उपभोक्ता समिति मार्फत नै उक्त कोसेली घर भौतिक व्यवस्थापन आयोजना कार्यान्वयन गर्ने